मिति :- २०८३/०२/०१ गते

समय :- बिहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ६१ औं बैठक का.बा. नगर प्रमुख श्री इश्वरी कुमारी शर्मा बि.एम.ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | इश्वरी कुमारी शर्मा (बि.एम.) | का.बा. नगर प्रमुख | |
| २ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ३ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ४ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ५ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ६ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| ७ | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ८ | नरवहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| ९ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १० | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| ११ | थलवहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १२ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १३ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १४ | भिमा थापा | कार्यपालिका सदस्य | |
| १५ | मिना के.सी. | कार्यपालिका सदस्य | |
| १६ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १७ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| १८ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| १९ | इन्द्रा बटाला | का.वा. वडा अध्यक्ष-३ | |
| २० | रामप्रसाद शर्मा | सचिव | |
| २१ | तुलसीराम बुढा | का.वा. वडा अध्यक्ष-१० | |
| २२ | देव ब. बटाला | प्रशासन सहायक | |

CamScanner

मिति २०८३ जेठ ०१ गतेको ६१ औं नगर कार्यपालिका बैठकका प्रस्तावहरू

| क.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना छनोट तथा सिफारिस सम्वन्धी प्रस्तावमा | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को लागि कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को दफा ३ (४) वमोजिम वडाबाट सिफारिस भई नगर कार्यपालिकाको बैठकबाट छनोट गरेका आयोजनाहरू सिफारिस गर्ने । | |
| ३ | कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्वन्धमा | चौरजहारी नगरपालिकाको स्वीकृत वार्षिक वजेट तथा कार्यक्रमअनुसार कार्यान्वयन भइ भुक्तानी हुँदा कट्टी भएको कन्टिजेन्सी रकम व्यवस्थापन तथा खर्चको लागि कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धी कार्यविधि, २०८३ स्वीकृत गरी कार्यान्वयन गर्ने । | |
| ४ | सामुदायिक विद्यालयको प्रधानाध्यापक छनोट सम्वन्धमा | चौरजहारी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूको प्रधानाध्यापक छनोट कार्यका लागि प्रधानाध्यापक छनोट कार्यविधि, २०८२ तथा प्रचलित कानुन वमोजिम प्रधानाध्यापक छनोट प्रक्रियाको अगाडि बढाउने । | |
| ५ | संघीय र प्रदेशका आयोजनामा प्रयोग भएको ढुङ्गा, गिट्टी र वालुवाको रोयल्टी सङ्कलन सम्वन्धमा | सङ्घीय र प्रदेशका आयोजनामा प्रयोग भएको ढुङ्गा, गिट्टी र वालुवाको रोयल्टी संकलनको लागि नेपाल सरकारवाट स्वीकृत भएको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को पूर्ण कार्यान्वयनको लागि नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने । | |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा वि.एम.
का. वा. नगर प्रमुख

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
| --- | --- | --- | --- |
| ६ | राष्ट्रपति रनिङ्गशिल्डको खर्च व्यवस्थापन सम्बन्धमा | मिति २०८३/०२/०१ गतेदेखि सञ्चालन हुने रुकुम (पश्चिम भाग) जिल्ला स्तरिय राष्ट्रपति रिनङ्गशिल्डमा यस नगरपालिकाबाट सहभागि हुने सहभागि तथा प्रशिक्षणहरूलाई खर्च व्यवस्थापन गर्ने । | |
| ७ | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको, तालिम सञ्चालन सम्वन्धमा | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत व्यटिसियन तालिम सञ्चालन गर्नका लागि यस कार्यालयबाट मिति २०८३ वैशाख ११ गते सूचना प्रकाशन गरिएकोमा पेस हुन आएका ३ (तिन) वटा प्रस्तावहरू मिति २०८३/०१/३१ गते बसेको खरिद समितिले खोलि मुल्याङ्कन गर्दा प्रस्तावहरू असफल भएकोले प्रस्ताव रद्द गर्ने र सो तालिम कार्यालयबाट नै ३९० घण्टा पुग्ने गरी सञ्चालन गर्नका लागि सञ्चालन, सहभागी छनोट, वजेट व्यवस्थापन, समन्वय तथा कार्यान्वयनको जिम्मा कार्यालयलाई दिने । | |
| ८ | जीविकोपार्जन सुधार कार्यक्रम छनोट समितिको निर्णय अनुमोदन गर्ने सम्वन्धमा | जीविकोपार्जन सुधार कार्यक्रम २०८२ कार्यान्वयनका लागि मिति २०८३/०१/२३ गते बसेको जीविकोपार्जन सुधार कार्यक्रम छनोट समितिको निर्णय अनुमोदन गर्ने । | |
| ९ | दलित आयआर्जन कार्यक्रम छनोट समितिको निर्णय अनुमोदन गर्ने सम्वन्धमा | दलित/महिला आयआर्जन कार्यक्रम कार्यान्वयनका लागि दलित आयआर्जन कार्यक्रम छनोट समितिको मिति २०८३/०१/२५ गते बसेको बैठकका निर्णयबाट भैंसी ११, बाख्रा १५०, कुखुरा २९९५, भेडा १० र बंगुर १० वस्तुभाव प्राप्त गर्ने लाभग्राही छनोट भएको र उक्त वस्तुभाव दिनका लागि टेन्डर प्रक्रियाबाट खरिद गर्ने भन्ने निर्णय अनुमोदन गर्ने । | |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा वि.एम.
का. वा. नगर प्रमुख

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १०. | पूर्णखोप पालिका घोषणा सम्बन्धमा | चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग) क्षेत्रभित्रका वडा स्थित स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरूले खोप सम्बन्धी घरधुरी सर्वेक्षण गर्दा १५ महिनादेखि ५९ महिनासम्मका वालवालिकाहरूले पाउनुपर्ने सम्पूर्ण खोपहरू प्राप्त गरेको सुनिश्चित गरिएकोले पूर्णखोप पालिका घोषणाको लागि सिफारिस गर्ने । | |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

## मिति २०८३ जेठ ०१ गतेको ६१ औं नगर कार्यपालिकाको बैठकका निर्णयहरु

निर्णय नं.१ : 'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धमा' छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्था सम्बन्धी समीक्षा गरियो । साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २: 'मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना छनोट तथा सिफारिस सम्बन्धमा' छलफल गर्दा कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ३०१० मिति २०८३/०१/२२ गतेको आर्थिक वर्ष २०८३/०८४ को मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनोट तथा सिफारिस गरी पठाउने सम्बन्धमा लेखिएको पत्रानुसार कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को दफा ३ (४) बमोजिम वडाबाट सिफारिस भई आएका तपसिलमा उल्लेखित आयोजनाहरू छनोट गरी सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | बजेट |
|---|---|---|---|
| १. | पैदल मार्ग निर्माण | १ | १५,००,०००।- |
| २. | रिनाठाला ठाँरीवारी शिर्ष हुदै हारे भडारे सिँचाइ कुलो निर्माण | २ | १५,००,०००।- |
| ३. | पावर हाउस-विद्युत अफिस, गैरेनि-टाटागाउँ, भेरी नदि पैदलमार्ग | ३ | १५,००,०००।- |
| ४. | अम्लाटाकुरा खानेपानी टयाङ्की निर्माण | ४ | १५,००,०००।- |
| ५. | विसमुरी-ब्रमाथान-खुटिडाँडा पद मार्ग निर्माण | ५ | १५,००,०००।- |
| ६. | ठुलाखोला देखी पाखाखेत सिँचाइ कुलो निर्माण | ६ | १५,००,०००।- |
| ७. | नार्जी लावुरखोला सिचाइ नहर मर्मत | ७ | १५,००,०००।- |
| ८. | वडा नं.८ खानेपानी टयाङ्की तथा पाइपलाइन निर्माण | ८ | १५,००,०००।- |
| ९. | गारापानी लहरेकाफल, पानीखोला सिँचाइ आयोजना | ९ | १५,००,०००।- |
| १०. | पशुपंक्षिको गोठ/खोर निर्माण योजना | १० | १५,००,०००।- |
| ११. | फाल्नेपानी खानेपानी टयाङ्की, फिल्ड तथा प्रतिक्षालय निर्माण | ११ | १५,००,०००।- |
| १२. | सिस्नेरी सानीखोर्या पातिहाल्न सौर्यखानेपानी एक घर एक धारा मर्मत आयोजना | १२ | १५,००,०००।- |
| १३. | सापखोला डाँगी टोल खरिखोला कालुगैरा सिचाइ आयोजना | १३ | १५,००,०००।- |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख



CamScanner

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | बजेट |
|---|---|---|---|
| १४. | बाँसठाना खोला ठाराभित्ता भिरबारी सिम टुराखेत सिचाइ आयोजना | १४ | १५,००,०००।- |

निर्णय नं. ३: 'कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्बन्धमा' छलफल गर्दा यस चौरजहारी नगरपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार कार्यान्वयन भइ भुक्तानी हुँदा उक्त योजनाहरूबाट कट्टी भएको कन्टिजेन्सी शीर्षक अन्तर्गत गरिने आयव्ययलाई व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउने उद्देश्यले निर्माण गरिएको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: 'सामुदायिक विद्यालयको प्रधानाध्यापक छनोट सम्बन्धमा' छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयको प्रधानाध्यापक छनोट कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक बनाई प्रचलित कानुन तथा चौरजहारी नगरपालिकाको प्रधानाध्यापक छनोट कार्यविधि, २०८२ बमोजिम सामुदायिक विद्यालयको प्रधानाध्यापक छनोट प्रक्रियाको जिम्मेवारी सम्वन्धित विद्यालय व्यवस्थापन समितिलाई दिने निर्णय गरियो ।

निर्णय नं. ५: 'संघीय र प्रदेशका आयोजनामा प्रयोग भएको ढुङ्गा, गिट्टी र वालुवाको रोयल्टी सङ्कलन सम्वन्धमा' छलफल गर्दा नेपाल सरकारवाट २०७७ सालमा जारी भएको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा १२ को उपदफा (१) मा ठुला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरूका लागि नदिजन्य पदार्थको अभाव हुन सम्वन्धित गाउँपालिका र नगरपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री संकलनको व्यवस्था मिलाउनु पर्ने व्यवस्था रहेको, सोही दफाको उपदफा (२) मा सो वमोजिम नदिजन्य पदार्थ उपलब्ध गराउनुपर्दा सम्वन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस, सम्वन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिवद्दता आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा सम्वन्धित गाउँपालिका वा नगरपालिकाले शुल्क वा दस्तुर लिई त्यस्तो नदिजन्य पदार्थ उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको साथै सोही दफाको उपदफा (३) मा यस वमोजिमको व्यवस्था मिलाउने कार्य आयोजना प्रमुखले मिलाउने व्यवस्था रहेको र सोही दफाको उपदफा (७) मा सडक निर्माण वा विस्तारको क्रममा सडक अधिकार र क्षेत्रभित्रवाट निस्कने ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माण सामग्री सम्वन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामग्रीको परिमाणको आधारमा लाग्ने विक्रि मूल्य वापतको रकम सम्वन्धित गाउँपालिका वा



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

नगरपालिकालाई बुझाएरमात्र उपयोग गर्न सकिने व्यवस्था रहेको तर यस चौरजहारी नगरपालिका अन्तर्गत निर्माणको चरणमा रहेका संघीय र प्रदेश आयोजनाहरू निर्माण हुँदा उक्त मापदण्डको कार्यान्वयनको लागि नगरकार्यपालिका कार्यालयबाट आवश्यक समन्वय गर्ने र शुल्क वा दस्तुर संकलन गर्ने कार्य गरेको नदेखिएकोले नेपाल सरकारबाट स्वीकृत भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को पूर्ण कार्यान्वयनको लागि नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

<u>निर्णय नं. ६</u>: 'राष्ट्रपति रनिङ्गशिल्डको खर्च व्यवस्थापन सम्बन्धमा' छलफल गर्दा विद्यार्थीहरूको खेलकुद विकास, प्रतिभा पहिचान तथा स्वस्थ प्रतिस्पर्धाको भावना अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८३/०२/०१ गतेदेखि सञ्चालन हुने रुकुम (पश्चिम भाग) जिल्ला स्तरिय राष्ट्रपति रिनङ्गशिल्डमा यस नगरपालिकाबाट उक्त कार्यक्रमका लागि बढिमा एकमुष्ट रु.२५००००/- (दुइ लाख पचास हजार) रकम विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ७</u>: 'राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको तालिम सञ्चालन सम्बन्धमा' छलफल गर्दा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत चौरजहारी नगरपालिका क्षेत्रभित्र बेरोजगार, विपन्न तथा लक्षित वर्गका नागरिकहरूको क्षमता अभिवृद्धि तथा रोजगार सिर्जना गर्ने उद्देश्यले आधारभूत व्यूटिसियन तालिम सञ्चालन गर्नका लागि यस कार्यालयबाट मिति २०८३ बैशाख ११ गते सूचना प्रकाशन गरिएकोमा पेस हुन आएका ३ (तीन) वटा प्रस्तावहरू मिति २०८३/०१/३१ गते बसेको खरिद समितिले खोलिएका प्रस्तावहरू मूल्याङ्कनमा असफल भएको हुँदा सो प्रस्तावहरू रद्द गरिएको र पुन्हः तालिम सञ्चालनको लागि बोलपत्र आव्हान गर्दा समय अपुग हुने भएकोले सार्वजनिक खरिद सम्बन्धी मूल्याङ्कन समितिको मिति २०८३/०१/३१ गतेको बैठकको बोलपत्र रद्द गरिएको निर्णय अनुमोदन गरी सो तालिम कार्यालयबाटै दैनिक ८ (आठ) घण्टा (विहान ९:०० बजेदेखि अपरान्हः ५:०० बजेसम्म) ३९० घण्टा पुग्ने गरी सञ्चालन गर्ने र सञ्चालन, सहभागी छनोट, बजेट व्यवस्थापन, समन्वय तथा कार्यान्वयन सम्बन्धी आवश्यक कार्य प्रचलित कानून, मापदण्ड तथा स्वीकृत कार्यक्रमअनुसार गर्न कार्यालयलाई निर्देशन दिने ।

<u>निर्णय नं. ८</u>: 'जीविकोपार्जन सुधार कार्यक्रम छनोट समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा' यस चौरजहारी नगरपालिकाको मिति २०८२ पुस १८ गतेको सूचना बमोजिम जीविकोपार्जन सुधार कार्यक्रम २०८२ का लागि म्यादभित्र आवेदन परेका ६ वटा समूह संस्थाहरू मध्ये कार्यविधिको मापदण्ड अनुसार प्रक्रिया पूरा गरी पेस भएको आवेदन पुष्पाञ्जली महिला सहकारी संस्थालाई छनोट गरिएको मिति २०८३/०१/२३ गतेको जीविकोपार्जन सुधार कार्यक्रम छनोट समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

<u>निर्णय नं. ९:</u> 'दलित आयआर्जन कार्यक्रम छनोट समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा' छलफल गर्दा यस चौरजहारी नगरपालिकाको मिति २०८२ माघ २८ गतेको सूचना बमोजिम दलित/महिला आयआर्जन कार्यक्रम अन्तर्गत म्यादभित्र आवदेन परेका ४५८ व्यक्ति समूह रहेको र सबै आवेदनहरूलाई कार्यक्रममा सहभागि गराउन बजेट सिमाले नपुग्ने भएको हुँदा कार्यविधिको प्रस्ताव मूल्याङ्कनका आधारमा स्थलगत अनुगमन गरी बढी अङ्क प्रास गर्ने विपन्न दलित/महिला ११८ समूह व्यक्तिहरू दलित आयआर्जन कार्यक्रम छनोट समितिको मिति २०८३/०१/२५ को बैठकको निर्णयबाट छनोट भएको हुँदा (भैंसी ११, बाख्रा १५०, कुखुरा २९९५, भेडा १० र बंगुर १०) बस्तुभाव दिनका लागि टेन्डर प्रक्रियाबाट खरिद गर्ने भन्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १०:</u> 'पूर्णखोप पालिका घोषणा सम्बन्धमा' छलफल गर्दा चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग) क्षेत्रभित्र रहेका सबै स्वास्थ्य संस्थाहरूले प्रत्येक वडामा स्वास्थ्यकर्मीहरूको संलग्नतामा १५ महिनादेखि ५९ महिनासम्मका बालबालिकाहरूको घरधुरी सर्वेक्षण गरी खोपसम्बन्धी अध्यावधिक गर्ने कार्य मिति २०८२ चैत्र २५ गतेभित्र सम्पन्न भएकोले यस नगरपालिकामा मिति २०८२/१२/१६ गतेदेखि २०८२/१२/२५ गतेसम्म पूर्णखोप स्थानीय तह सुनिश्चितताका लागि आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी १५ महिनाको उमेरभित्र बालबालिकाले प्राप्त गर्नुपर्ने सबै खोपहरू प्राप्त गरेको सुनिश्चित भएकोले चौरजहारी नगरपालिकालाई "पूर्णखोप पालिका" घोषणा गर्न सिफारिस गर्ने निर्णय गरियो ।

यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख



CamScanner